नेपाल सरकार

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं

मिति : २०७७०७२१

## विद्युतीय खरिद प्रणाली सम्बन्धी सूचना !

यस कार्यालयबाट विकास गरी सञ्चालनमा ल्याईएको विद्युतीय खरिद प्रणाली (e-GP System) मार्फत सिलबन्दी दरभाउपत्रदाता/बोलपत्रदाता/आशयपत्रदाताहरुले दाखिला गरेका सिलबन्दी दरभाउपत्र/बोलपत्र/आशयपत्रहरुमा संलग्न गरिएका Additional लगायतका अन्य केहि आवश्यक कागजातहरु बोलपत्र खोलुवा गर्दा प्रणालीबाट Download हुन नसकेको भन्ने विभिन्न सार्वजनिक निकाय तथा सिलबन्दी दरभाउपत्रदाता/बोलपत्रदाता/आशयपत्रदाताहरुबाट समेत गुनासो प्राप्त भईरहेको सन्दर्भमा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ को दफा १६ को उपदफा ७ मा सिलबन्दी दरभाउपत्रदाता/बोलपत्रदाता/आशयपत्रदाताहरुले Bid Response Document तयारी गर्दाको बखत नै सम्पूर्ण कागजातहरु संलग्न भए/नभएको Download गरी एकिन गर्नुपर्ने र आवश्यक परेमा दरभाउपत्र/बोलपत्र/आशयपत्रहरु दाखिला गर्ने अन्तिम समयभित्र परिमार्जन समेत गर्न सकिने प्रष्ट व्यवस्था रहेको हुँदा दरभाउपत्र/बोलपत्र/आशयपत्रहरु दाखिला गर्ने अन्तिम म्याद बाँकी रहेको अवस्थामा मात्र प्रणाली व्यवस्थापकबाट थप सहजीकरण हुन सक्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

२०७७।७।२१